प्रस्तुत विषयमा देशका विभिन्न स्थानमा स्थायी घर/ठेगाना भई हाल काठमाडौंमा बसोबास गरी उपत्यकाका सडकमा आफ्नो कला, सीप र श्रममार्फत जीवन निर्वाह गर्दै आएका दृष्टिविहिन र न्यून दृष्टियुक्त व्यक्तिहरुले विभिन्न माग राखी माइतीघर वरपरका क्षेत्रमा धर्ना कार्यक्रम गरिरहेकोमा मन्त्रालयबाट पटक पटकको वार्ता मार्फत मिति २०८३/०३/२२ मा अन्तरनिकाय बैठक बसी तपसीलका बूँदामा सहमती भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिलः

१. दृष्टिविहिन र न्यून दृष्टियुक्त अपाङ्गता भएका व्यक्तिहरुले अर्को व्यवस्था नभएसम्म हाललाई साविक बमोजिमको स्थानमा कसैलाई बाधा अवरोध नहुने गरी आफ्नो कला, सीप र श्रमको प्रयोग गरी जीवन निर्वाह गर्न पाउने ।

२. कला, सीप र श्रमको प्रयोग गरी जीवन निर्वाहका लागि उपयुक्त स्थान छनौट गरी २०८३ श्रावण मसान्तसम्म मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको समिति गठन गर्नेः

| | |
|---|---|
| अपाङ्गता अधिकार प्रवर्धन शाखा प्रमुख | - संयोजक |
| गाउँपालिका राष्ट्रिय महासंघ (प्रतिनिधि) | - सदस्य |
| नेपाल नगरपालिका संघ (प्रतिनिधि) | - सदस्य |
| मागकर्ताका प्रतिनिधि | - सदस्य २ (दुई) जना |
| काठमाठौं महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका प्रतिनिधि | - सदस्य |
| अपाङ्गता अधिकार प्रवर्धन शाखाको शाखा अधिकृत | - सदस्य सचिव |

(अन्यको हकमा आवश्यकता अनुसार आमन्त्रित गर्न सकिने)

३. मिति २०८३/०३/१६ मा यस मन्त्रालय समक्ष पेश भएको मागको सम्बन्धमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको समन्वय र अन्य निकायगत तथा संस्थागत समन्वयमा क्रमश सम्वोधन गर्दै जाने ।

४. हाललाई धर्ना लगायतका आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु ३ (तीन) महिनाका लागि स्थगित गर्ने।

उप-सचिव